# मेडिकाद्वारा क्यान्सर स्क्रीनिङ क्याम्पको आयोजन

**सिलगड़ी, ५ नोभेम्बर।** उत्तर बंगाल अनि यसका वरिपरि क्षेत्रका क्यान्सर रोगीहरूलाई मेडिका क्यान्सर अस्पताल सिलगड़ीले आजभन्दा प्रायः आठ वर्ष अघिदेखि उपचार र सुलभ मूल्यमा चिकित्सा दिँदै आएकोले धेरै रोगीहरू यहाँदेखि टाढ़ा-टाढ़ाका अस्पतालहरूमा चिकित्साको लागि जानु परेको छैन। सिलगड़ीदेखि प्रायः १४ किलोमिटर टाढ़ो रांगापानीमा अवस्थित उक्त अस्पताललाई यसअघि नर्थ बेंगल अनकलजी सेण्टर नामले जानिन्थ्यो। आज उक्त अस्पतालका प्रमुख डाक्टरहरूमध्ये डा. सलील दत्त, डा. पंकज चौधरी, डा. सौरभ सेन, डा. सोमा घोष आदिले पत्रकार सम्मेलनलाई सम्बोधन गरे जहाँ क्यान्सर रोगबारे यहाँका मानिसहरू सिलगड़ीदेखि बाहिर टाढ़ा-टाढ़ाका अस्पतालहरूमा उपचारको लागि जानुपर्थ्यो भने आज ती सुविधाहरू यहाँ मेडिका क्यान्सर अस्पतालमै भइरहेको जनाइयो। यहाँबाट धेरै रोगीहरूले सन् २००६ देखि स्वास्थ्य लाभ गरिरहेको पनि बताइयो। सम्मेलनमा डा. सलील दत्तले यहाँका क्यान्सर रोगीहरूको उपचार सफलतापूर्वक यहीं भइरहेको अनि रोगीहरू धेरै नै आइरहेको छ भने। पत्रकारहरूको प्रश्नको उत्तर डा. पंकज चौधरी, डा. सलील दत्त, डा. सौरभ सेन एवं -डा. सोमा घोषले दिए भने डा. चौधरीले भारत लगायत विश्वमा क्यान्सर रोगीहरूको बारेमा अवगत गराए। कार्यक्रम यहाँ एउटा नीजि होटलमा आयोजन गरिएको थियो। आगामी ७ नोभेम्बरमा दार्जीलिङमा उक्त अस्पतालले क्यान्सर स्क्रीनिङ क्याम्पको आयोजन गरिएको बताइयो। यसकासाथै उत्तर बंगालका विभिन्न भागहरूमा मेडिकाले आठ स्थानहरूमा यस्ता क्याम्पको आयोजन गर्ने कार्यक्रम हातमा लिएको छ।